# राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ माघ २७

## पेट्रोलियम पदार्थको आपूर्तिको अवस्थामा सुधारमा जोड

देशमा लामो समयदेखि पेट्रोलियम पदार्थको आपूर्ति सहज हुन नसकिरहेको पृष्ठभूमिमा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला निकायहरुलाई बोलाई आयोगकै कार्यालयमा परामर्श बैठक आयोजना गऱ्यो । सो बैठकका सहभागीहरुले पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाउनका लागि नीतिगत सुधार आवश्यक भएको तर्क अघि सार्नुभएको छ ।

बैठकमा बोल्दै वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले पेट्रोलियम पदार्थको आपूर्तिका लागि पद्धतिमै सुधार हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले पेट्रोलिय पदार्थबारे राष्ट्रिय नीति नै बन्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो । उहाँले एक हप्ताभित्र पेट्रोलियम पदार्थको आपूर्ति सहज ढंगबाट हुने जानकारी पनि दिनुभयो ।

बैठकमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले पेट्रोलियम पदार्थको आपूर्तिका लागि जहाँ जहाँ सुधार गर्नुपर्ने हो, ती ठाउँमा बेलैमा सुधार गर्न सरकारले अविलम्ब काम गर्न आवश्यक भएको कुरामा जोड दिनुभयो । उहाँले नीतिगत सुधारको खाँचो औंल्याउँदै पेट्रोलियम पदार्थको आपूर्तिका लागि विवेकशील उपायहरु अवलम्बन गर्न सम्बन्धित सबैसंग आग्रह गर्नुभयो ।

बैठकमा आयोगका सदस्यद्वय रामनागिना सिंह र गौरी प्रधानले पेट्रोलियम पदार्थको आपूर्तिका लागि के कस्ता प्रयास भएका छन् भन्ने विषयमा जिज्ञासा राख्नुभएको थियो ।

बैठकमा आफ्नो धारणा अघि सार्दै प्रधानमन्त्री कार्यालयका सचिव पुरुषोत्तम ओझाले पेट्रोलियम पदार्थको कारोबारबारे नेपाल सरकार र भारत सरकारबीच सीधा संवाद हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

गृह मन्त्रालयका सचिवसचिव सुशीलजंग राणाले पेट्रोलियम पदार्थको अभाले शान्ति सुरक्षाको अवस्था प्रभावित नभएको जानकारी दिनुभयो ।

बैठकमा वाणिज्य विभागका महानिर्देशक, नेपाल आयाल निगमका निर्देशकलगायत सरोकारवाला निकायका वरिष्ठ अधिकृतहरु उपस्थिति हुनुहुन्थ्यो । सो बैठकमा आयोगका उच्चपदस्थ कर्मचारीहरुको पनि उपस्थिति थियो ।

...........................

विशाल खनाल

सचिव

फोन नं. ५०१००१५, १६, १७, १८ फ्याक्स नं. ००९७७-१-५५४७९७३
पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org